नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: ६०

मिति:२०८२/०४/२६

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै) ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प.सं. २०८१/०८२ च.नं. औ.प्र./नीति ३२७ मिति २०८२/०२/२२ को **परिपत्र गरिदिने सम्बन्धी** पत्रको छायाँ प्रति थान ३ (तिन) यसै साथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः-</u>

श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय,

औद्योगिक तथा लगानी प्रवर्धन महाँशाखा, सिंहदरवार ।

श्री सूचना प्रविधि शाखा, सबै गाउँ/नगरपालिकाको ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नं:-४२११६७५
सिंहदरबार, काठमाडौं
नेपाल

नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

(औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा)

प.सं. २०८१/०८२
च. नं. औ.प्र./नीति/ ३२६

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

मितिः २०८२।२।२२

विषयः परिपत्र गरिदिने सम्बन्धमा।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४०६२
दर्ता मितिः- २/२७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

प्रस्तुत सन्दर्भमा कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी दर्ता खारेजीका लागि कुनै शेयरधनी वा सञ्चालक आफै कार्यालयमा उपस्थित भई सनाखत गर्न असमर्थ भएको अवस्थामा आफुलाई पायक पर्ने जुनसुकै नगरपालिकाको प्रमुख वा उपप्रमुख वा गाँउपालिकाको अध्यक्ष वा उपाध्यक्षको रोहवरमा सनाखत गरेको हुनुपर्ने व्यवस्था कम्पनी निर्देशिका, २०७२ को दफा ६६ को उपदफा (३) मा रहेको हुँदा सो व्यवस्था कार्यान्वयनमा सहजीकरणका निम्ति सबै स्थानीय तहहरूलाई परिपत्र गरिदिन तहाँ मन्त्रालयमा समन्वयका लागि कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त प.सं. २०८१/८२, च. नं. २९०६, मिति २०८२/०१/०७ को पत्र र सो साथ प्राप्त कागजातको छायाँकपि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा मिति २०८२।२।२२ को निर्णयानुसार अनुरोध छ।

(दुर्गा लम्साल)
शाखा अधिकृत

श्री स्थानीय त.स.शाखा

नेपाल सरकार
उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालय
# कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

प.सं. : ०८१/८२
च.नं. : १५०९

मिति : २०८२/१/७

श्री उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा

सिंहदरवार, काठमाडौ ।

**विषयः निवेदन सनाखतका लागि समन्वय सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ बमोजिम कम्पनी दर्ता खारेजीका लागि कुनै शेयरधनी वा सञ्चालक आफै कार्यालयमा उपस्थित भई सनाखत गर्न असमर्थ भएको अवस्थामा आफुलाइ पायक पर्ने जुनसुकै नगरपालिकाको प्रमुख वा उपप्रमुख वा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षको रोहवरमा सनाखत गरेको हुनेपर्ने व्यवस्था कम्पनी निर्देशिका, २०७२ को दफा ६६ को उपदफा (३) मा रहेको हुँदा सो व्यवस्था कार्यान्वयनमा सहजीकरणका लागि सवै स्थानीय तहहरूलाई परिपत्र गरिदिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय गरिदिनु हुन सनाखत गर्नुपर्ने निवेदनको ढाँचा - पाना १(एक) समेत संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

२०८२/१/७

इश्वर कुमार गिरी
रजिष्ट्रार

फोनः ५३१५०७७ (रजिष्ट्रार), ५३६७२५६, ५३६३०८९
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

# कम्पनी खारेजी का लागि सनाखत -

म/हामी संचालक/शेयरधनी कम्पनी प्राइभेट लि.खारेज गर्न हाम्रो राजिखुशि छ ।प्रचलित कानून बमोजिम कम्पनी खारेज हुंदा कम्पनीको तर्फबाट तिर्नु बुझाउनु पर्नें ऋण दायित्व फरफारक गरि कानून बमोजिम होस् भनि यो सनाखत गरिदिएको छौं ।

शेयरधनी/संचालक

दा. वा.

दा. वा.

रोहवर

स्थानीय तह प्रमुख/उपप्रमुख वा अध्यक्ष उपाध्यक्ष

ईति सम्वत साल महिना गते रोज शुभम